कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०८१/१२/११ गते

**बैठक संख्याः ६०/०८१-८२, मिति २०८१/१२/११ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

१. नगर शिक्षा समितिको मिति २०८१/१२/०२ गतेको प्राथमिक तहको दरबन्दी मिलान सम्बन्धी निर्णय स्वीकृतको लागि पेश भएकोमा निर्णय नं. २ को शिक्षक पदस्थापन सम्बन्धमा कालिका प्रा.वि. भम्काको शिक्षक ससिकला घर्तीलाई जनसंयुक्त आ.वि.मा पदस्थापन गर्ने भनिएकोमा दुबैको सहमति पत्र प्राप्त भएकोमा सोको स्थानमा शिक्षक श्री चन्द्र प्रकाश घलेलाई पदस्थापन गर्ने र उक्त बैठकको बाँकी निर्णय स्वीकृत प्रदान गर्ने ।

२. यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम खर्च शिर्षक नं. ३११७१ समुदायमा आधारित होमस्टे संचालनका लागि स्वीकृत रकम मध्येबाट देहाय बमोजिमको शिर्षकमा खर्च गर्ने ।

| सि नं | कार्यक्रमको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण | ९,००,००० | |
| २ | कल्चरल सामाग्री प्रर्दशन | १,००,००० | |
| ३ | प्रचार प्रसार | १,००,००० | |
| ४ | होमस्टे मर्मत | ३,००,००० | |
| ५ | वातावरण सरसफाई | ५०,००० | |
| ६ | कृषि सहयोग कार्यक्रम | २,१०,००० | |
| ७ | अवलोकन भ्रमण | ३,००,००० | |
| ८ | विविध | ९०,००० | |
| ९ | होमस्टे व्यवस्थापन तथा आतिथ्यता तालिम | ४५००००।- | |
| जम्मा | | २५,००,०००।- | |

३. आइ.एन. एफ नेपाल र यस नगरपालिकाको साझेदारीमा देहायका आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक विद्यालयमा अपाङ्गमैत्री शौचालय निर्माणको लागि निम्न बमोजिम रकम विभिन्न कार्यक्रममा साझेदारी शिर्षकबाट खर्च गर्ने ।

क. आधारभूत स्वास्थ्य केन्द्र, मेहेलकुना, वडा नं. ८ रु. ९००००।—

ख. जनसेवा आ.वि.सहारे वडा नं. ४-रु. ५१०००।-

४. यस नगरपालिका वडा नं. ११ बस्ने कर्ण बहादुर बुढाको मिति २०८१/१२/०३ गते घर आगलागी भई पूर्णरुपले क्षेती भएको भनि राहतको लागि निवेदन पेश भएकोले राहत स्वरुप रु. २०,०००।— विपद् व्यवस्थापन शिर्षकबाट उपलवेध गराउने ।

५. नयाँ वर्ष २०८२ मा संचालन हुने चन्द्र स्मृती कपलाई खेलकुद कार्यक्रम संचालनको लाग आयोजकलाई रु. १८५६००।- भैपरी आउने पूजिगत शिर्षकबाट उपलब्ध गराउने ।

६. यस नगरपालिका वडा नं. ८ स्थित भिमी कामीको राष्ट्रिय भूमि आयोगबाट प्राप्त मोठ नं. २४ च, सुर्खेत मेहेलकुना १ ङ कित्ता नं. २४ क्षेत्रफल २३१९.०२ जग्गाको किसिममा कृषि कायम भएकोले उक्त जग्गा सडक क्षेत्रले जोडीएको र शहरी क्षेत्र भित्र पर्ने भएकोले सशोधन गरि आवशीय क्षेत्र कायम गर्न मालपोत कार्यालय मेहेलकुनालाई अनुरोध गर्ने ।

७. पवित्र जनकल्याण कृषक सहकारी संस्था लि. मिति २०८१/११/१२ गतेको पत्रानुसार कृषि विकास निर्देशनालय, सुर्खेतको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम उन्नत बीउ उत्पादनका लागि पूर्वाधार निर्माण तथा प्रशोधन कार्यक्रम अन्तर्गत उक्त सहकारी संस्थाको वीउ प्रशोधन भवन निर्माणका लागि छनौट भएकोले भवन निर्माणको लागि स्वीकृत लागत स्टिमेट रु. १९२०७१८.१३।— को निर्दर्शनालयको अनुदान मार्फत रु. १०,०००,००।-, यस नगरपालिकाको तर्फबाट रु. ४,८०,०००।— र सहकारीको तर्फबाट श्र. ५०४७१८.१३।- साझेदारीको लागि प्रस्ताव पेश भएकोले विभिन्न कार्यक्रममा साझेदारी शिर्षकबाट रु. ४,८०,०००।— रकम साझेदारी स्वरुप उपलब्ध गराउने ।

CamScanner

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
धर्म राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०८२/०१/२८ गते

**बैठक संख्या: ६१/०८१-८२, मिति २०८२/०१/२८ गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

१. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि देहाय बमोजिमका योजनाहरु छनौट गर्ने ।

| सि.नं./वडा नं. | योजना तथा क्रियाकलापको नाम | कैफियत |
|---|---|---|
| १ | तारिखेखोला कुमेडाडा भैसी पोखरा भालुवडार रोल्पाली खेत सिचाई योजना | |
| २ | ढाब चिसापानी खोला टडबन्धन | |
| ३ | जुरीचुला अधुरो पदमार्ग निर्माण कार्य | |
| ४ | धोद्रेखोला टुनिचौर सिचाई कुलो निर्माण | |
| ५ | भुल्के माथिल्लो गाँडापानी सिंचाई कुलो निर्माण | |
| ६ | कपासे बडाखोली सिचाइ कुलो निर्माण | |
| ७ | कोप्ची चिसिखोली सिचाई निर्माण | |
| ८ | सुन्दरनगर, गंगटे सिंचाई कुलो निर्माण | |
| ९ | खहरेखोला नियन्त्रण | |
| १० | भेडावारी हनिमान सिचाई कुलो निर्माण | |
| ११ | भट्टाखर्क देखि मुलकुलाको बाँधसम्म सिचाई नाला निर्माण | |
| १२ | मंग्राह देखि लक्ष्मीनगर कुलो निर्माण | |
| १३ | डाँडा पुच्छार तल्लो शेरा सिचाई नाला निर्माण | |
| १४ | गाईमारे देखि रातमाते, भोटेचुली हुदै सिकारीबास सम्म खानेपानी आयोजना निर्माण | |

१. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थीत बसोबासी भूमि शाखा प्रमुख, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी शाखा अधिकृत (अधिकृत स्तर सातौ तह) श्री आइती चौधरीलाई जिम्मेवारी तोक्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । साथै भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थीत बसोवासीको लगत संकलन सम्वन्धी कार्यविधिको दफा ४ को उपदफा (१) बुँदा नं. ३ को लागि देहायका कार्यालयपालिका सदस्य मनोनयन गर्ने र उपदफा (१) र (२) को समिति गठन गरि जानकारी गराउने ।

क. श्री किरण कुमार वि.क.

ख. हरिमाया कामी

२. यस नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को लागि योजनाहरु बस्तीस्तरबाट संकलन, प्राथामिकरण र वडा समितिबाट पारित गरि जेष्ठ मसान्त भित्र नगरपालिकामा पेश गर्ने । साथै योजनाहरुको भुक्तानीको चाप बढ्दै भएकोले जेष्ठ १५ देखि योजना सम्झौता कार्य स्तगित गर्ने ।

CamScanner

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
धर्म राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०८२/०२/०२ गते

## बैठक संख्याः ६२/०८१-८२, मि ति २०८२/०२/०२ गतेको कार्यपालिका बैठकका निर्णयहरुः

१. कर्णाली प्रदेश सरकार ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ बमोजिम देहाय बमोजिमका योजनाहरु छनौट गरि पठाउने ।

| सि.नं./वडा नं. | योजना तथा कियाकलापको नाम | कैफियत |
|---|---|---|
| १ | आ.वि. राम्रीकाडा-दह सडक स्तरोन्नती | |
| २ | खरिगैरा देखि कोटखोला सडक स्तरोन्नती | |
| ३ | माथिल्लो डोब देखि तल्लो डोब सडक निर्माण | |
| ४ | आपखोली तल्लाकाडा गाठेरी सालकोट, तारम, खाल्टा देखि बाघखोर सडक स्तरोन्नती | |
| ५ | प्युठानटोल कुर्मी सडक स्तरोन्नती | |
| ६ | निमारे सोत्तरखोली लिफ्ट सिचाई निर्माण | |
| ७ | वडा कार्यालय कोप्ची धुलाखोला सडक स्तरोन्नती | |
| ८ | मिलनचौक देखि गतछहरे हुदै सुन्दरनगर सडक स्तरोन्नती | |
| ९ | सिमलगैरा डाडागाउँ गैरागाउँ सिचाई कुलो निर्माण | |
| १० | वडा कार्यालय देखि शशस्त्र वेश क्याम्प सडक स्तरोन्नती | |
| ११ | राधाकृष्ण प्रा वि ४ कोठे पक्की भवन निर्माण | |
| १२ | वडा कार्यालय सडक कल्भर्ट तथा स्तरोन्नती | |
| १३ | भक्तपुर नमूना वस्ती सडक स्तरोन्नती | |
| १४ | विकासी कुलो एक्लोबर देखि तल्लो विकासी वल ब पुन घर सम्म सिचाइ कुलो निर्माण | |
| १५ | स्थानीय, प्रदेश तथा सहकारीको साझेदारीमा डेरी उद्योग संचालन | |

३. यस नगरपालिका वडा नं. ९ स्थित नमूना आमा समूह गाउँ घर क्लिक उद्घाटन कार्यक्रम गर्दा रु. १७१००।— खर्च भएकोले सो रकम विविध खर्चबाट उपलब्ध गराउने ।

४. श्री ज्योती फाउन्डेसन सुर्खेतले कर्णाली छोरी सम्मेलन २०८२ आर्थिक सहयोग माग गरेकोले अन्य सामाजिक सहायता शिषकबाट रु. ५०,०००।— उपलब्ध गराउने ।

५. नगर उद्योग प्रर्वद्धन समन्वय समितिको मिति २०८१/०२/०१ गतेको उपयुक्त प्रविधि(मेशिन औजार) हस्तास्तरण कार्यक्रम सम्बन्धी निर्णय स्वीकृतको लागि पेश भएकोमा स्वीकृत प्रदान गर्ने ।

६. प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रम(PLGSP) को च.नं. २४२ मिति २०८१/११/२३ गतेको पत्रानुसार लागत साझेदारीमा स्थानीय तहले सेवा करारमा लिइ गर्ने सूचना प्रविधि अधिकृतको परिश्रमिक सम्बन्धी प्रदेश वा स्थानीय तहको नियमानुसार अधिकृत सरह पदका लागि तोकिए बमोजिम तह कायम गर्ने भनि परिपत्र भएकोमा सोही अनुसार सातौ तह कायम गर्ने र सोही कार्यक्रम अन्तर्गत सातौ तहको पारिश्रमिक उपलब्ध गराउन अपुग अनुदान रकमका लागि PLGSP कार्यक्रम समन्वय इकाईमा माग गरि पठाउने ।

CamScanner

कार्यपालिका बैठक निर्णय प्रमाणिकरण
धर्म राज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति २०८२/०२/१४ गते

**बैठक संख्याः ६३/०८१-८२, मिति २०८२/०२/१४ गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

१. यस नगरपालिका जलश्रोत तथा मुहान दर्ता समितिको मिति २०८१/१२/२० गतेको बैठकबाट देहाय बमोजिमका खानेपानी संस्था दर्ता सम्बन्धी निर्णय स्वीकृतको लागि पेश भएकोमा दफा ७ बमोजिम दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क. गुर्भाकोट खानेपानी आयोजना, वडा नं. १,२,३र४

ख. मझुवा फाँटबेतेनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति वडा नं.५

ग. भुल्के पोखरे खानेपानी तथा सरसफाई उपभोक्ता वडा नं. ९

घ. घुमखहरे बृहत खानेपानी तथा सरसफाई संस्था वडा नं. १०

ङ. वर्मागार खानेपानी तथा सरसफाई उपभोक्ता समिति वडा नं. ११

२. यस नगरपालिका वडा नं. १ फलाटे सडकमा पहिरो आइ घर जोखिम भएकोले जोखिम न्यूनिकरणको लागि पर्खाल निर्माण गर्न रु. १०००००।– विपद् व्यस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

३. देउती डाडा दाप्चे सडक नाला निर्माण योजना अन्तर्गत सडक नाला तथा उक्त ठाउँको घरको सुरक्षाको लागि टेवा पर्खाल मेशिनरी वाल निर्माण गर्न अनुमति दिने ।

४. यस नगरपालिका वडा नं. ६ को वडा कार्यालयको भवन निर्माण गर्न जग्गा प्रासिको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९ बमोजिम सम्पूर्ण प्रकृया पुरा गरि भूमि व्यवस्थापन तथा अभिलेख विभागमा पेश गरिएकोमा हाल कार्यनीति (पहिलो संशोधन), २०८२ राजपत्रमा प्रकाशित भएकोले उक्त कार्यनीतिको दफा ३ उपदफा (६)क बमोजिम सहमतिको लागि नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदबारमा सिफारिस गर्ने ।

५. सामुदायिक वन उपभोक्ता महासंघ, सुर्खेतले सामुदायिक बन व्यवस्थापन सम्बन्धी अभिमूखिकरण कार्यक्रम गर्न भनि प्रस्ताव पेश भएकोमा नगरपालिकाबाट १ दिने अभिमूखिकरण कार्यक्रम गरि सहकारी व्यवस्थापन तालिमलाई रकमान्तर गरि उक्त उक्त कार्यक्रमा खर्च गर्ने ।

६. सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालयको आयोजना र गुर्भाकोट नगरपालिका तथा मेहेलकुना अस्पतालको समन्वय र सहकार्यमा वडा नं. ६,१३ र १४ मा भएको नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम सम्पूर्ण बाँकी ११ वटा वडामा पालिकाको जनशक्ति तथा श्रोत साधनको समेत प्रयोग गरि संचालन गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने ।

७. यस नगरपालिकामा दुध उत्पादन गर्ने कृषकलाई प्रोत्साहन स्वरुप दिइने रकम प्रदेश कानुन बमोजिम प्रति लिटर रु. २ का दरले दुध उत्पादन गर्ने कृषकलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराउने ।

८. नगरपालिकाको इन्धन रकम भुक्तानीको लागि हाल सम्म भएको खर्चको रकम कन्टेन्जेन्सी रकमबाट उपलब्ध गराउने र आगामी खर्चकोको लागि विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।साथै ब्याक हो लोडर मर्मतका लागि आवश्यक रकम कन्टेन्जेन्सीबाट खर्च गर्ने ।

९. १६ औ नगर सभाबाट शंसोधित योजना जन ज्योती प्रा.वि. फुलफुले विद्यालय सुधार कायम भएकोमा उक्त योजना संशोधन गरी ज्ञान ज्योती प्रा.वि. फुलफुले विद्यालय सुधार कायम गर्ने ।

१०.प्रदेश सरकार घर विमा सम्बन्धी कार्यविधि २०८२ बमोजिम घरहरुको नाप जाँच वडा नं. ८ र १२ देखि शुरु गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

CS CamScanner